नेचासल्यान गाउपालिकाको

आ व २०७९/२०८० प्रथम चैमासिक

# सार्वजनिक सुनुवाइ प्रतिबेदन

२०७९ मंशिर २०

नेचासल्यान गाउपालिका

गाउकार्यपालिकाको कार्यालय

सोलुखुम्बु

# आ.व. २०७९/०८० को पहिलो चौमासिकको प्रगति तथा सार्वजनिक सुनुवाई कार्यक्रम

आर्थिक वर्ष २०७९/०८० को पहिलो चौमासिकको प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रममा अध्यक्षता गरिरहनु भएका यस गाउँपालकाको अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, विषयगत शाखाका शाखा प्रमुख तथा कर्मचारी ज्यूहरु, सुरक्षाकर्मी, पत्रकार तथा उपस्थित सचेत आम महानुभावहरु ।

**सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५** को दफा-१९ र दफा-२० तथा सोही नियमावलीको अनुसुची-३ बमोजिम यो कार्यक्रम तर्जुमा गरिएको छ ।

यस कार्यक्रममा प्रस्तुत गरिने विषयवस्तुहरुलाई विभिन्न परिच्छेदहरुमा विभाजन गरी नागरिक तथा सम्बन्धित सरोकारवालाहरुसमक्ष सार्वजनिकिकरण गर्ने प्रयत्न गरिएको छ ।

**परिच्छेद-१** मा कार्यालय तथा कार्यालय सञ्चालन सम्बन्धी सामान्य जानकारी समावेश गरिएको छ ।

**परिच्छेद-२** मा सेवाग्राहीको सन्तुष्टि वा असुन्तुष्टि जनाउने सेवाग्राही सन्तष्टि सर्वेक्षणको अवस्था समावेश गरिएको छ ।

**परिच्छेद-३** मा गाउँपालिकाको विषयगत शाखाहरुको चालु आ.व.को पहिलो चौमासिकको प्रगति विवरण समावेश गरिएको छ ।

**परिच्छेद-४** मा गाउँपालिकाको चालु आ.व.को विनियोजन तथा खर्च सम्बन्धी एकीकृत विवरण समावेश गरिएको छ ।

**परिच्छेद-५** मा गाउँपालिकाको योजना सञ्चालन तथा भुक्तानी सम्बन्धी विवरण समावेश गरिएको छ ।

परिच्छेद-६ मा क्षेत्रगत बजेट तथा खर्च सम्बन्धी संक्षिप्प विवरण समावेश गरिएको छ ।

**परिच्छेद-७** मा गाउँपालिका तथा वडागत बजेट र खर्चको अवस्था सम्बन्धी विवरण समावेश गरिएको छ ।

**परिच्छेद-८** मा चालू आ.व.को पहिलो चौमासिकमा गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विषयगत शाखाहरु तथा अन्य क्षेत्रबाट सञ्चालित सम्पूर्ण गतिविधिको कार्यक्रमगत बजेट र खर्च अवस्थाको विवरण समावेश गरिएको छ

**परिच्छेद-९** मा चालू आ.व.को अन्य चौमासिकमा सञ्चालन हुने गतिविधिको कार्यक्रमगत बजेट र खर्चको विवरण समावेश गरिएको छ ।

**परिच्छेद-१०** मा चालू आ.व.को पहिलो चौमासिक सम्ममा गाउँकार्यपालिकाको वैठकको निर्णयानुसार रकमान्तर तथा शीर्षकान्तर भएका योजना तथा कार्यक्रमहरुको विवरण समावेश गरिएको छ ।

## परिच्छेद-१

## कार्यालय तथा कार्यालय सञ्चालन सम्बन्धी जानकारी

नेपाल राजपत्रमा प्रकाशित गाउँपालिकाको केन्द्र साविक नेचावेतघारी गाविस भवनबाट नै गाउँपालिकाको दैनिक प्रशासनिक कार्य सञ्चालन हुदै आएको छ । कृषि, पशु, शिक्षा तथा खेलकुद, स्वास्थ्य, पञ्जिकरण, प्रधानमन्त्री रोजगार सेवा केन्द्र, लघुउद्यम विकास लगायतका विषयगत शाखाहरु यसै गाउँपालिकाको प्रशासनिक भवन वरिपरि रहेका छन् भने आयुर्वेद शाखाले साविक नेचावतासे गाविस भवनको कार्यालयबाट सेवा दिइरहेको छ । गाउँपालिकाको १, ४ र ५ गरी ३ वटा वडा कार्यालयहरु भाँडाको भवनबाट सञ्चालन हुदै आएका छन् भने २ नं. वडा कार्यालय साविक सल्यान गाविस भवन



नेचासल्यान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचावेतघारी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

र ३ नं. वडा कार्यालय साविक कृषि सेवा केन्द्र नेचाको भवनबाट सञ्चालन हुदै आएको छ । हाल १, ४ र ५ नं. वडाका वडा कार्यालय भवनहरु निर्माणको चरणमा रहका छन ।

मोटरसाइकल-९, जेसिबी-१, स्कार्पियो गाडी-१ तथा मासिक भाँडामा जीप गाडी-१ गाउँपालिकाको मौजुदा सवारी साधन हुन् । भाँडाको गाडी विस्थापन गर्न स्कार्पियो गाडी थान-१, ट्रक-१ थान खरिद प्रक्रियाको क्रममा रहेको छ भने जेसिबीको मर्मत संभार गर्नुपर्ने भएकोले हाल सञ्चालनमा छैन ।

गाउँपालिकामा जम्मा १०३ जना कर्मचारीहरु राष्ट्रसेवकको रुपमा कार्यरत छन् । संघबाट काज खटाइएका कर्मचारी, स्थानीय तहबाट नियुक्ति भएका कर्मचारी, समायोजन भई आएका कर्मचारी तथा करार सेवामा कार्यरत कर्मचारीहरु यस कार्यालयमा सेवारत छन् । कार्यसम्पादन मूल्याकंनको आधारमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार सेवा भंग तथा नविकरण गरी जिम्मेवारी प्रदान गरिएको छ । कर्मचारीको वृत्तिविकास तथा क्षमता विकासको लागि कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

चालु आ.व.को हालसम्म ८ वटा कार्यपालिका बैठक सम्पन्न भई ५६ वटा सर्वसम्मत निर्णय भएका छन् । ७ वटा बैठकको अध्यक्षता गाउँपालिका अध्यक्ष तथा १ वटा वैठकको अध्यक्षता उपाध्यक्षले गर्नुभएको छ । बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/नभए सम्बन्धमा अध्यक्षस्तरबाट अनुगमन तथा समिक्षा गर्ने गरिएको छ । गाउँपालिकामा हालसम्म ८२ वटा कानुनको तर्जुमा भई कार्यान्वयनमा रहेका छन् ।

## परिच्छेद-२

## सेवाग्राही सर्वेक्षण

गाउँपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवाको गुणस्तर गरीक्षण गर्न प्रश्नावलि तयार गरी सेवाग्राहीको सन्तुष्टि वा असुन्तुष्टि जनाउने सेवाग्राही सन्तष्टि सर्वेक्षण गरिएको छ । चालु आ.व.को पहिलो चौमासिकको कार्तिक महिनामा २० जना सेवाग्राहीसँग लिइएको सेवाग्राही सन्तुष्टि सर्वेक्षणको व्यहोरा यसप्रकार रहेको छ ।

**१. सेवाको सन्तुष्टिः**

सन्तुष्टिः (७ जना) ठिकैः (८ जना) असन्तुष्टिः (५ जना)

**२. सेवाको नियमितताः**

नियमितः ९ जना सामान्यः ५ जना अनियमितः६ जना

**३. सेवा लिन जादाँ अतिरिक्त रकम तिरेको**

तिरेको छैनः २० जना एकदम कमः ० धेरै तिरेकोः ०

**४. सेवाको गुणस्तरः**

सन्तुष्टिः (१३ जना) कम सन्तुषटः (४ जना) असन्तुष्टिः (३ जना)

**५. एउटा कामको लागि कति पटक धाउनु पर्यो**

१ पटकः ८ जना २ पटकः ७ जना धेरै पटकः५ जना

**६. राजस्व, शुल्क वा दस्तुर को-कससँग उठाइएको छ**



नेचासल्यान गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतघारी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

करको दायरमा पर्ने सबैसँगः ५ जना सीमित करदातासँगः १२ जना धेरै बक्यौता रहेकोः३ जना

**७. गाउँपालिकाले सन्चालन गरेका योजनाहरुको प्रभावकारिता**

प्रभावकारीः ८ जना ठीकै छनः ६ जना प्रभावकारी छैननः ६ जना

**८. योजनाको बील भुक्तानी दिने व्यवस्था कस्तो छ**

सहजः ८ जना ठीकैः ७ जना अप्ठयारोः ५ जना

**९. सेवाग्राही प्रति सेवाप्रदायक कर्मचारीको भूमिका**

मिलनसारः १४ जना ठीकैः ६ जना अभद्र/अमर्यादितः ० जना ।

## परिच्छेद-३

## गाउँकार्यपालिकाको कार्यालय र विषयगत शाखाहरुको संक्षिप्त प्रगति विवरणः

### १) गाउँकार्यपालिकाको कार्यालयः

आ.व. २०७९/०८० को लागि सम्मानित गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रम गाउँपालिका सञ्चालनको मूल आधार हो । यही स्वीकृत नीति तथा कार्यक्रमको मूल लक्ष्य तथा उद्येश्य पूरा गर्नको लागि गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रम कानुनतः तर्जुमा गरी कार्यान्वयन गर्ने गर्दछ । सम्मानित गाउँसभा, कार्यपालिकाको निर्णय तथा विषयगत शाखाहरुको अध्यक्षस्तरबाट स्वीकृत वार्षिक कार्यक्रम समेत गरी चालु आ.व. २०७९/०८० मा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुको कूल संख्या ४६२ रहेको छ ।

गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रका सबै किसिमका सडकहरुमा बाह्रै महिना सडक सञ्चालन गर्ने नीति लिए अनुरुप वर्षायाममा समेत सवारी आवगमन सहज बनाएको सुनिश्चितता भइसकेको छ । काठमाण्डौ-ओखलढुङ्गा-नेचाविहिबारे सम्मको सवारी आवगमन सहज बनाउन गाउँपालिकाले छिमेकी गाउँपालिका चिसंखुगढी गाउँपालिकासँग संवाद र सहकार्य गरेको साथै सोही गाउँपालिका भित्र पर्ने उक्त सडकको सोलाघर-बुदुले-गैरी सडक खण्डमा गाउँपालिकाले आर्थिक तथा प्राबिधिक लगानी समेत गरेको छ । सडक सरसफाई अन्तर्गत गाउँपालिका र यातायात व्यवसायीसँगको लागत साझेदारीमा ओखलढुङ्गाको विप्लटेसम्म सडक सफाई गर्न गाउँपालिकाको जेसिबि तथा थप भाँडामा ट्रयाक्टर प्रयोग गरिएको छ । गैरी-ख्याम्पू-टारी-खाल्पा-तिङ्गला सडक सरसफाई, ख्याम्पु-दोदी-ठाटी सडक सरसफाई, गैरी-तिनकन्या, विहिबारे, तुइन्टार र चुर्पुघाट सडक सरसफाई लगायत अन्य शाखा सडकहरुको सरसफाई तथा स्तरोन्नती कार्य भइरहेको छ । नेचाविहिबारे-नाम्लो-छितापातल सडक खण्डको खहरेखोलामा काठे पूल निर्माण गरी वर्खायाममा समेत दुईपांग्रे तथा पैदल यात्रा सहज बनाइएको र सो स्थानको लागि पक्की पूलको डिपिआर तयार भइरहेको छ ।

सूचना प्रविधिको विकास र प्रयोग मार्फत सुशासन कायम गर्ने गाउँपालिकाको नीति भए अनुरुप गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा विषयगत शाखाहरुमा इन्टरनेटको व्यवस्था मजबुत बनाइएको छ । गाउँपालिकाको वडा नं. ३, ४ र ५ भित्रका आधारभूत विद्यालयहरुमा 4G सेवा जडान सम्पन्न भइसकेको र वडा नं. १ र २ मा जडान कार्य प्रक्रियमा रहेको छ । गाउँपालिकाको विभिन्न ६ स्थानमा Free Wifi जडान कार्य अन्तिम चरणमा रहेको छ ।

शिक्षा क्षेत्रको गुणस्तर वृद्दी गर्न गाउँपालिकाको शिक्षा ऐन, २०७५ लाई केही संशोधन र परिमार्जन गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने तयारीमा रहेको छ । गाउँपालिकाले दिवा खाजालाई व्यवस्थित बनाउन नेपाल सरकारको दिवा खाजा कार्यक्रममा बजेट थप गरेको छ ।कतिपय विद्यालयहरुमा रहेको शिक्षक अभाव हुन नदिन गाउँपालिकाले अनुदानमा



नेचासल्यान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतघारी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

शिक्षक व्यवस्थापन गरेको छ । विद्यालयहरुको भौतिक क्षेत्रको सुधार तर्फ पनि गाउँपालिकाले क्रमिक कार्य गर्दै आइरहेको छ ।

उज्यालो नेपाल अभियानसँगै उज्योला पालिकाको अभियान पूरा गर्न सोलुखोला तुइन्टार लघुजलविद्युत र त्रिवेणी लघुजलविद्युत आयोजनाको थप व्यवस्थापन कार्य भएको छ भने केन्द्रीय विद्युत प्रशारण लाइन विस्तार कार्यलाई निरन्तरता दिइएको छ ।

राहत उद्दार तथा विपद व्यवस्थापन कार्यलाई व्यवस्थित र वस्तुनिष्ठ बनाइएको छ । अघिल्लो आ.व.मा सञ्चित रहेको सिंचाई तथा खानेपानीको पाइप आवश्यकता र सम्बन्धित वडाको सिफारिसको आधारमा वितरण गरिएको छ । विपन्न, दीर्घरोगी तथा विपदमा परेका नागरिकलाई वडा नं. १ को वडा अध्यक्ष रमेशकुमार राई संयोजक रहनुभएका आर्थिक सहयोग सिफारिस समितिको निर्णयको आधारमा कार्यविधि बमोजिम आर्थिक सहयोग गरिएको छ । पहिलो चौमासिकमा यस्तो आर्थिक सहयोग ७१ जनालाई रु. ७ लाख ६ हजार वितरण गरिसकिएको छ ।

## २) पशु सेवा शाखाः

आर्थिक वर्ष २०७९/०८० मा पशु सेवा शाखालाई संघीय सरकार शसर्त अनुदान रु. ११ लाख ५० हजार तथा गाउँपालिकाको समानिकरण अनुदान रु. ३३ लाख ९० हजार विनियोजन भएको छ । जस अन्तर्गत शसर्त तर्फको Epidemological Reporting र मासिक प्रगति सम्बन्धित निकायमा पठाइएको छ । शसर्त तर्फको अन्य कार्यक्रम दोस्रो चौमासिकमा सञ्चालन हुनेछन् । वित्तीय समानिकरण तर्फ औषधी खरिद, सामुदायिक/घर पालुवा कुकुर तथा विरालोलाई रेविज रोग विरुद्दको खोप घुम्ति शिविर कार्यक्रम, बंगुरको साना व्यावसायिक पकेट विस्तार कार्यक्रम ५० प्रतिशत साझेदारीमा आवेदन माग पश्चात ३६ वटा फर्महरुको आवेदन आई अनुगमन कार्य समापन भई पकेट समन्वय समिति गठनको चरणमा रहेको छ । यस शाखाले पहिलो चौमासिकमा ११ प्रतिशत खर्च प्रगति गरेको छ । शाखाले कार्तिक महिनामा वडागत रुपमा ५ दिनसम्म सञ्चालन गरेको रेबिज रोग विरुद्दको निशुल्क खोप घुम्ति शिविर कार्यक्रममा २७ वटा विरालो र ३४३ वटा कुकुर गरी जम्मा ३७० खोप लगाएको छ ।

आ.व. को पहिलो चौमासिकमा समूह दर्ता १ र व्यक्तिगत फर्म दर्ता १३ गरी जम्मा १४ वटा नयाँ समूह तथा फर्म दर्ता भएका छन् भने ४० वटा समूह तथा फर्म नविकरण भएका छन् । यस चौमासिकमा शाखाले फर्म दर्ता/नविकरण तथा अन्य सेवा शुल्क बापत रु. ४८ हजार ४ सय ७० रुपैया राजश्व संकलन गरेको छ । यस शाखाबाट प्रथम चौमासिकमा वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालित कार्यक्रमहरुको फेहरिष्त अनुसूची-१ मा उल्लेख गरिएको छ ।

## ३) स्वास्थ्य सेवा तथा आयुर्वेदः

आर्थिक वर्ष २०७९/०८० मा स्वास्थ्य तर्फ संघीय सरकार सशर्त अनुदान रु. २ करोड ९१ लाख, आयुर्वेद तर्फ रु. ३५ लाख र गाउँपालिकाको समानिकरण अनुदान रु. ४५ लाख ४९ हजार गरी जम्मा रु. ३ करोड ७१ लाख ४९ हजार विनियोजन भएको देखिन्छ । जसमा सशर्त तर्फ रु. ६५ लाख ३५ हजार अर्थात २०.०४ प्रतिशत तथा गाउँपालिकाको समानिकरण अनुदान रु. ७ लाख अर्थात १५.३९ प्रतिशत खर्च भएको देखिन्छ ।

यस शाखाबाट प्रथम चौमासिकमा वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालित कार्यक्रमहरुको फेहरिष्त परिच्छेद-७ मा उल्लेख गरिएको छ ।



नेचासल्यान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतघारी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

## ४) सेवा इकाई पञ्जिकरण शाखा

गाउँपालिकाको पञ्जिकरण शाखामा एक जना एम आई अपरेटर र एक जना फिल्ड सहायक गरी दुई जना कर्मचारी करारमा कार्यरत रहेका छन् । आर्थिक वर्ष २०७९/०८० मा यस शाखालाई संघीय सरकार सशर्त अनुदान रु. १० लाख मात्र प्राप्त भएको छ । आर्थिक वर्षको पहिलो चौमासिकमा यस शाखाले १५ प्रतिशत खर्च गरेको छ । आर्थिक वर्षको पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा लाभग्राहीको संख्या १७ सय ४२ जना रहेको छ । यस त्रैमासिकमा नयाँ नविकरण भएको लाभग्राहीको संख्या १५७१ जना र नयाँ लाभग्राही १७१ थप भएको देखिन्छ भने ८ जना लाभग्राहीको लगत कट्टा भएको छ । वडा गत रुपमा साममाजिक सुरक्षा लाभग्राहीको तथ्यांक हेर्ने हो भने वडा नं. ३३३ जना, वडा नं. २ मा ३९४ जना, वडा नं. ३ मा ४७८ जना, वडा नं. ४ मा २८७ जना र वडा नं. मा २५० गरी १७४२ जना रहेको । ज्येष्ठ नागरिक ११२९ जना, ज्येष्ठ नागरिक दलित ६८ जना, ज्येष्ठ नागरिक एकल महिला १३१ जना, विधुवा १५५ जना, क वर्गको अपाङ्ग ४१ जना, ख वर्ग अपाङ्ग ९५ जना, दलित बालबालिका १२३ रहेको छ । आर्थिक वर्ष २०७९/०८० को सामाजिक सुरक्षाको पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा तर्फ रु. १ करोड ६५ लाख ३९ हजार ८ सय २९ खर्च भएको छ ।

अनलाईन व्यक्तिगत घटनादर्ता गाउँपालिकाको वडा नं. १, ३ र ४ । वडा नं. २ र ५ मा वडा सचिव अभाव भएकोले अनलाईन व्यक्तिगत घटनादर्ता सञ्चालन हुन सकेको छैन ।

## ५) कृषि सेवा शाखाः

गाउँपालिकाको कृषि सेवा शाखामा एक जना कृषि सेवा अधिकृत र दुई जना नायव प्राबिक सहायक गरी ३ (तीन) कर्मचारी करारमा कार्यरत रहेका छन् । गाउँपालिकाको "एक गाउँ, एक कृषि प्राबिधिक" अवधारणा अनुरुप ३ जना नायब प्राबिधिक सहायक करारमा पदपूर्तिको लागि लिखित परीक्षा सञ्चालन भई अन्तर्वार्ता हुन बाँकी रहेको छ ।

आर्थिक वर्ष २०७९/०८० मा कृषि सेवा शाखालाई संघीय सरकार सशर्त अनुदान रु. ४७ लाख ५० हजार तथा गाउँपालिकाको समानिकरण अनुदान रु. ३४ लाख ५० हजार विनियोजन भएको छ । गाउँपालिकाको समानिकरण अनुदान तर्फको सिजनल तरकारी बीउ खरिद तथा वितरण र जैविक विषादि खरिद कार्य सम्पन्न भएको छ । पहिलो चौमासिकमा सम्पन्न गर्नुपर्ने किवी पकेट विकास कार्यक्रमको निरन्तरता भने दोस्रो चौमासिकको शुरुवातमै गर्ने सम्बन्धित शाखा तथा गाउँपालिकाको प्रतिबद्धता रहेको छ । शाखाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका अन्य कार्यक्रम तथा क्रियाकलापहरु यथाशीघ्र सञ्चालनको लागि योजना तयार भईसकेको छ ।

यस आ.व.मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत किवी पकेट विकास कार्यक्रमको निरन्तरता र नयाँ आलु बाली पकेट विकास कार्यक्रम सञ्चालन गरी दुई वटा कार्यक्रम रहेका छन् भने गाउँपालिकाको समानिकरण अनुदान तर्फ जम्मा १७ वटा कार्यक्रमहरु स्वीकृत भई सञ्चालन हुने छन् । यस शाखाबाट प्रथम चौमासिकमा वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालित कार्यक्रमहरुको फेहरिष्त परिच्छेद-७ मा उल्लेख गरिएको छ ।

## ६) शिक्षा, युवा तथा खेलकुद शाखाः

गाउँपालिकाको शिक्षा शाखामा शिक्षा अधिकृत र कार्यालय सहयोगी गरी दुई जना कर्मचारी रहेका छन् । रिक्त रहेको शिक्षा प्राबिधिक सहायकको स्थायी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग पठाइ सकिएको छ । शाखामा शिक्षा अधिकृत-१, प्राबिधिक सहायक-१ र कार्यालय सहयोगी गरी जम्मा ३(तीन) जनाको दरबन्दी स्वीकृत रहेको छ । शाखामा शिक्षा अधिकृत-१, प्राबिधिक सहायक-१ र कार्यालय सहयोगी गरी जम्मा ३(तीन) जनाको दरबन्दी स्वीकृत रहेको छ ।



नेचासल्लेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतघारी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

आर्थिक वर्ष २०७९/०८० मा शिक्षा शाखा तर्फ संघीय सरकार सशर्त अनुदान रु. १६ करोड ११ लाख तथा गाउँपालिकाको समानिकरण अनुदान रु. ७९ लाख ३७ हजार विनियोजन भएको देखिन्छ । गाउँपालिकाको समानिकरण अनुदान तर्फ रु. २८ लाख २७ हजार ३ सय ५३ अर्थात २३ प्रतिशत खर्च भएको देखिन्छ ।

नेचासल्यान गाउँपालिकामा सामुदायिक ३४ वटा, संस्थागत २ वटा तथा परम्परागत १ वटा गरी जम्मा ३७ वटा शैक्षिक संस्थाहरु रहेका छन् भने सामूदायिक विद्यालयहरुमा ३४२ जना शिक्षक तथा कर्मचारीहरु कार्यरत रहेका छन् ।

१. यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई देहाय अनुसारको प्रथम त्रैमासिक ( श्रावण, भाद्र तथा आश्विन) मा ससर्त बजेटबाट तलब भत्ता निकासा गरियो :

- ✓ माध्यमिक तहका शिक्षकको लागि रु. ६८,३०,६१८। (अठसट्ठी लाख तीस हजार छ सय अठार मात्र)
- ✓ आधारभूत तहका शिक्षकको लागि रु. ३,११,१७,३७३। (तीन कारोड एघार लाख सत्र हजार तीनसय त्रीहत्तर)
- ✓ इसीडी कर्मचारीको लागि रु. २,५३,६०००। (पच्चीस लाख छत्तीस हजार मात्र)
- ✓ परम्परागत अनुदान, गुरुकुलको लागि रु. १,०००००। (एकलाख मात्र)

**जम्मा : रु.३,८३,०१,५९१। (तीन करोड त्रीयासी लाख एक हजार पाच सय एकानव्बे मात्र)**

२. यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई देहाय अनुसारको प्रथम त्रैमासिक ( श्रावण, भाद्र तथा आश्विन) मा वित्तिय समानीकरण बजेटबाट तलब भत्ता निकासा गरियो :

- ✓ मा.वि शिक्षक पालिका अनुदानबाट रु. ६,७१,३५३। (छ लाख एकहत्तर हजार तीन सय त्रीपन्न मात्र)
- ✓ इसीडी शिक्षक पालिका अनुदानबाट रु. ८,६८,०००। (आठ लाख अठसठ्ठी हजार मात्र)
- ✓ कार्यालय सहयोगी पालिका अनुदान बाट रु. २,६४,०००। (छब्विसलाख चारहजार मात्र)
- ✓ विद्यालय लेखा कर्मचारी पालिका अनुदान रु. २४,०००।(चौविस हजार मात्र)

**जम्मा : रु. १८,२७,३५३। (अठार लाख सत्ताइस हजार तीन सय त्रीपन्न मात्र)**

३. नेचासल्यान गाउँपालिका शिक्षा ऐन २०७५ को केहि संशोधन तथा परिमार्जन ऐन २०७९ मार्फत् उक्त ऐनको संशोधन तथा परिमार्जन गरी गाउँकार्यपालिका बाट स्वीकृत भई हाल कायान्वयनमा रहेको ।

४. अन्य पालिकामा कार्यरत शिक्षहरुको मागका आधारमा यस पालिका भित्रका विद्यालयमा रिक्त रहेका दरबन्दीमा सरुवा भइ आउनका लागि सरुवा सहमति प्रदान गरिएको ।

५. २०५७ साल भन्दा अगाडी प्राविधिक ग्रेड खाइ आएका शिक्षकका लागि २०७३ श्रावण महिना देखि प्राप्त हुन आउने छुट प्राविधिक ग्रेडको लागि त्यस्ता शिक्षकहरुलाई शिक्षक कितावखानामा सिफारिस गरिएको ।

६. वी.पी संस्कृत माध्यमिक विद्यालयमा रिक्त हुन आएको माध्यमिक तहको सामाजिक विषयको दरवन्दीलाई विद्यालयको आवश्यकता तथा मागको आधारमा फलित ज्योतिष विषयको दरवन्दीमा परिवर्तन गरिएको ।

७. गणेशथान माध्यमिक विद्यालय नेचासल्यान गाउँपालिका ५ मा पालिका अनुदान दरवन्दीमा माध्यमिक तहको गणित विषयको शिक्षक, वी.पी संस्कृत माध्यमिक विद्यालयमा फलित ज्योतिष विषयको माध्यमिक शिक्षक, जनदिव्य आधारभूत विद्यालयमा आधारभूत तहको शिक्षक, सगरमाथा आ.वि १ मा आधारभूत तहको शिक्षक तथा भुमेश्वरी मा वि मा माध्यमिक तहको अंग्रेजी शिक्षक र लेखा कर्मचारीलाई रिक्त दरवन्दीमा परीक्षा प्रक्रिया द्वारा छनौट गरेर नियुक्तीको लागि सिफारिस गरीएको ।

८. प्रदेश नं १ सामाजिक विकास मन्त्रालयले माग गरे बमोजिमको प्रदेश स्वयंसेवक शिक्षकका लागि यस शाखा बाट गरिएको सिफारिस अनुसार देहायका विद्यालयले प्रदेश स्वयंसेवक शिक्षक प्राप्त गरी हाल नियुक्ति प्रक्रियामा रहेका ।

तपशिल :

- ➢ श्री हिमालदर्शन माध्यमिक विद्यालय (मावि विज्ञान शिक्षक)
- ➢ श्री भुमेश्वरी मा.वि (गणित, विज्ञान अंग्रेजी मध्ये १ मा.वि शिक्षक)
- ➢ श्री सगरमाथा आ.वि ४ ( निम्न माध्यमिक विज्ञान शिक्षक )
- ➢ श्री कालिका आवि ३ ( आधारभूत तह शिक्षक)



नेचासल्यान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतघारी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

➢ श्री जनदिव्य आवि १ (आधारभूत तह शिक्षक)

९. स्थानीय तह हुनु भन्दा अगाडी साविक जिल्ला शिक्षा कार्यालयबाट सामुदायिक विद्यालयहरुले शैक्षिक तथा भौतिक विकासका लागि विद्यालयहरुले प्राप्त गरेको रकमबाट देखिन आएको बेरुजु फस्यौटका लागि गरिएको सिफारिसका आधारमा शिक्षा विकास तथा समन्वय इकाई सल्लेरीले निकालेको बेरुजु फस्यौट विवरण अनुसार यो पालिका जिल्ला भित्रका स्थानीय निकायहरु मध्ये सबै भन्दा बढी बेरुजु फस्यौट गर्ने पालिकाको रुपमा चित्रित भएको ।

१०. स्थायी शिक्षकहरुको सपत्ती विवरण शिक्षक किताबखानामा र अस्थायी शिक्षक तथा कर्मचारीहरुको सम्पत्ती विवरण प्रदेश नं १ मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा समयमा नै पठाइएको ।

११. ब्रोडब्याण्ड इन्टरनेटको 4G सेवा नेचासल्यान गाउँपालिकाको वडा नं ३, ४ र ५ मा सञ्चालित १४ वटा आधारभूत विद्यालयहरुमा जडान गरी हाल सञ्चालनमा रहेको ।

१२. सामुदायिक विद्यालयहरुको लेखापरीक्षण गर्नका लागि मान्यता प्राप्त लेखापरीक्षकहरु बाट आवेदन संकलन गरीएको ।

१३. गाउँपालिकाको समानिकरण अनुदानबाट यस आ.व.मा खेलकुद शीर्षकमा रु. १९ लाख विनियोजन गरिएको छ। प्रथम चौमासिकसम्म २ लाख ९४ हजार ९ सय १५ रुपैया अर्थात १५.५२ प्रतिशत खर्च भएको छ। नेचासल्यान गोल्डकप प्रतियोगिता तथा खेल क्षेत्रको अन्य शीर्षकहरुमा यस अतिरिक्त थप बजेटको व्यवस्था गरिएको छ। नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको जिल्ला स्तरीय छनौट प्रतियोगिता अन्तर्गत तेक्वान्दो र फुटबल नेचासल्यान गाउँपालिकामा सम्पन्न गरिएको थियो। यस गापाबाट विभिन्न खेलकुदमा ५४ जना खेलाडी जिल्ला स्तरीय खेलकुदको लागि र २२ जना खेलाडी प्रदेश स्तरीय खेलकुदको लागि जिल्लाबाट छनौट भएका थिए। यस गाउँपालिकाबाट प्रदेश स्तरीय खेलकुदमा सहभागी ४ खेलाडीले कास्य पदक जितेका थिए। यस गाउँपालिकामा जिल्ला स्तरीय छनौटको लागि सम्पन्न भएको तेक्वान्दो र फुटबल प्रतियोगितामा रु. १ लाख खर्च भएको छ।

१४. एसियाली फुटबल (Under-16) छनौट प्रतियोगितामा नेचासल्यान गाउँपालिका वडा नं. ३ निवासी सञ्जिव भण्डारी र वडा नं. ४ निवासी दिवस राई सहभागी भएका थिए। यी र यस्ता खेलाडीहरुलाई आर्थिक तथा अन्य सहयोग गरी खेलाडीको मनोबल उच्च बनाउन गाउँपालिका सचेत छ ।

यस शाखाबाट प्रथम चौमासिकमा वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालित कार्यक्रमहरुको फेहरिष्त परिच्छेद-७ मा उल्लेख गरिएको छ ।

## ७) राजश्व प्रशासन/एम्बुलेन्स र जेसिबि सेवा

गाउँपालिकाको राजश्व प्रशासन शाखामा जनशक्ति अभाव रहेको छ । आन्तरिक लेखापरीक्षकको रुपमा कार्यरत जनशक्तिबाट नै राजश्व सम्बन्धी कार्य हुँदै आएको छ । उपाध्यक्ष संयोजक रहने राजश्व परामर्श समितिले आ.व. २०७९/०८० को लागि नयाँ कर तथा राजश्वको दररेट सभामा पेश गरी गाउँसभाबाट स्वीकृत भई कार्यान्वयन भइरहेको छ । स्वीकृत नयाँ कर तथा राजश्वको दररेट गाउँपालिकाको आर्थिक ऐन, २०७९ मा समावेश गरिएको छ ।

गाउँपालिकामा आर्थिक वर्षको पहिलो चौमासिकको कार्तिक मसान्तसम्म देहाय बमोजिमको राजश्व संकलन भएको छः

१. वडा नं. १ को कार्यालयः रु.५४,८७४।- २. वडा नं. २ को कार्यालयः रु.४६,५०७।-
३. वडा नं. ३ को कार्यालयः रु. ५१,५८४।- ४. वडा नं. ४ को कार्यालयः रु.४२, ०९५।-
५. वडा नं. ५ को कार्यालयः रु. ५७, ९७०।- ६. पशु सेवा शाखाःरु. ४८, ४७०।-
७. गाउँपालिकाको कार्यालयबाटः रु. १,२१,०८५।- ८. कृषि शाखाः रु. ४, ८००।-

९. एम्बुलेन्स सेवाः

सशुल्क सेवाः ६० जनाबाट जम्मा रु- १,१३,९००।-

निशुल्क (सुत्केरी) २९ जना ।

निशुल्क (अन्य) ७ जना ।

१०. **जेसिबी सेवाः** आर्थिक वर्षको सुरुवात श्रावण १ गतेबाट गाउँपालिकाको नाममा रहेको जेसिबी सार्वजनिक क्षेत्रमा मात्र प्रयोग गरिएको हुँदा यस सेवाबाट राजश्व संकलन नभएको ।

**जम्मा रु. - ५ लाख ३१ हजार २ सय ८६ रुपैया राजस्व संकलन भएको छ ।**

## ८) प्रधानमन्त्री रोजगार सेवा केन्द्रः

यस शाखामा रोजगार संयोजक मात्र करारमा कार्यरत रहेका छन् । शाखामा रिक्त रहेको प्राबिधिक सहायकको पदपूर्तिको लागि लिखित परीक्षा भई अन्तरवार्ता सञ्चालन हुन बाँकी रहेको छ । यही आर्थिक वर्षबाट स्वीकृत भएको रोजगार सहायकको पदपूर्तिको लागि समेत लिखित परीक्षा भई अन्तरवार्ता सञ्चालन हुन बाँकी रहेको छ ।

आर्थिक वर्ष २०७९/०८० मा प्रधानमन्त्री रोजगार सेवा केन्द्रलाई संघीय सरकार सशर्त अनुदान रु. ५९ लाख मात्र प्राप्त भएको छ । मुलतः यस सेवा केन्द्रले पालिका स्तरमा रोजगारी सिर्जना सम्बन्धी कार्य गर्दै आएको छ । आ.व. २०७९/०८० मा रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत लाभग्राहीको कूल संख्या २८७ जना रहेको छ । वडागत रुपमा हेर्दा वडा नं. १ मा ९९ जना, वडा नं. २ मा ६१ जना, वडा नं. ३ मा ५० जना, वडा नं. ४ मा २२ जना र वडा नं. ५ मा ५५ जना लाभग्राही सूचीकृत रहेको देखिन्छ । जसमा पुरुषको संख्या १७९ जना र महिलाको संख्या १०८ जना रहेको छ ।

कार्यक्रम सञ्चालन कार्यविधि अनुसार श्रमिकको दैनिक ज्याला सम्बन्धित स्थानीय तहको अर्धदक्षको ज्यालादरको ८० प्रतिशत दिने व्यवस्था छ । जस अनुसार आ.व.मा २०७९/०८० मा श्रमिकको ज्याला प्रतिव्यक्ति दैनिक रु. ६८८ रुपैया रहेको छ । सेवा केन्द्रले गाउँपालिका र सम्बन्धित वडा सँगको समन्वय र सहकार्यमा वेरोजगार व्यक्तिको सूचीकरण तय गरी बढीमा १०० दिनको रोजगारीको ग्यारेन्टी गर्दछ ।

## ९) सूचना प्रविधि शाखाः

गाउँपालिकाको २५ प्रतिशत र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को ७५ प्रतिशत लागत साझेदारीमा यस शाखामा एक जना सूचना प्रविधि अधिकृत कार्यरत छन् । शाखाले गाउँपालिकाको वेवसाइट अपडेट, लिजा अपडेट, गाउँपालिकाको आधिकारिक फेसबुक, ट्वीटरको सञ्चालन तथा रेखदेख, इमेल-इन्टरनेटको व्यवस्थापन तथा सूचना प्रविधिको क्षेत्रमा नविनतम विकास र प्रयोगको लागि गाउँपालिकालाई सहयोग गर्दै आएको छ । गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखा तथा सामुदायिक विद्यालयहरुमा वाइफाई जडान तथा गाउँपालिकाको विभिन्न ७ स्थानहरुमा Free Wifi सञ्चालनको प्रक्रिया अगाडि बढिसकेको छ ।

## परिच्छेद-४

## विनियोजन तथा खर्च सम्बन्धीः

नेचासल्यान गाउँपालिकाको आ.व. २०७९/०८० को विनियोजन तथा खर्च सम्बन्धी एकीकृत विवरण यस प्रकार रहेको छः

क) चालु विनियोजनः ................रु. २९ करोड २० लाख ७५ हजार ५ सय (१०० प्रतिशत)

चालु खर्चः ................**रु. ६ करोड ६९ लाख ६५ हजार ८ सय (२२.९२ प्रतिशत)**

ख) पूँजीगत विनियोजनः ..................... १६ लाख ८६ हजार ११ हजार ५ सय ३० (१०० प्रतिशत)

पूँजीगत खर्चः .....................**रु. १ करोड ८६ लाख ९६ हजार (११.०८ प्रतिशत)**

## परिच्छेद-५



नेचासल्यान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतघरी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

## योजना सञ्चालन तथा भुक्तानी सम्बन्धीः

गाउँपालिकाले आ.व. २०७९/०८० मा गाँउसभाबाट स्वीकृत भएका तथा गाउँ कार्यपालिकाको विभिन्न निर्णयानुसार रकमान्तर तथा शीर्षकान्तर भई थप विनियोजन गरेका योजनाहरु यस आ.व.मा सञ्चालन हुदैं आएका छन् । योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा उपभोक्ता समितिलाई पहिलो प्राथमिकतामा राखिएको छ । ठूला, बहुबर्षीय तथा गाउँपालिकाको गौरवका केही आयोजनाहरुमा भने ठेक्का प्रणालीबाट कार्य गर्ने गरिएको छ ।

ख) देहायका योजनाहरु यस आ.व.को पहिलो चौमासिकमा योजना सञ्चालन सम्झौता भई कार्यान्वयनको प्रक्रियामा अगाडि बढेको देखिन्छ ।

| क्र.सं. | योजनाको नाम | कूल बजेट | प्राविधिक कार्य सम्पन्न भए अनुसार | पेश्की | वडा न. | कारण तथा कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गिताष्मणी चर्च मणडली | १० लाख | | | ५ | |
| २. | नेचा सामुदायिक अस्पताल टायल/सिलिङ | ५ लाख | | नियमानुसार पेश्की लगेको । | ४ | |
| ३. | जालपा आ.वि. घेराबार | २ लाख | | | ४ | |
| ४. | घुन्सा खोला सडक जाली | ५ लाख ४६ हजार | | | १ | |
| ५. | भट्टराई खत्री कूल घर घेराबार | ४ लाख | | | २ | |
| ६. | सिंहदेवी सेवा समाज गुठी मन्दिर निर्माण | ७ लाख २० हजार | | | ३ | |
| ७. | टिम्बुर फेद पैसिकुर्क तारजाली व्यवस्थापन | १ लाख ५० हजार | | | ४ | |

चालु आर्थिक वर्षको प्रथम चौमासिकमा योजना सञ्चालनको कार्य उत्साहजनक देखिदैन । वडाबाट सञ्चालन हुने योजनाहरुको योजना सम्झौताको लागि सार्वजनिक सूचना आह्वान भइसकेको छ । आर्थिक वर्षको दोस्रो चौमासिक देखि योजना सञ्चालन कार्य द्रुत गतिमा अघि बढ्ने विश्वास गरिएको छ ।

## परिच्छेद-६.

## क्षेत्रगत बजेट तथा खर्चः

आर्थिक वर्षको पहिलो चौमासिकमा क्षेत्रगत बजेट तथा खर्च प्रतिशत सम्बन्धी विवरण देहायबमोजिम रहेको जानकारी गराउन चाहन्छुः

**क) आर्थिक विकासः**

आर्थिक विकास अन्तर्गत कृषि, उद्योग, पर्यटन, जलश्रोत तथा सिँचाई, पशुपन्छी विकास र वाणिज्य उपक्षेत्र रहेका छन् । गाउँपालिकाबाट यस आ.व.मा आर्थिक क्षेत्रमा रु. २ करोड २३ लाख ४० हजार विनियोजन भएकोमा पहिलो चौमासिकमा रु. १० लाख १२ हजार १ सय ६४ रुपैया खर्च भएको छ । यो क्षेत्रगत कूल विनियोजनको ४.५ प्रतिशत हो ।



नेचासल्लेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतघारी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

ख) सामाजिक विकासः

सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति, लैगिंक समानता तथा समावेशीकरण, युवा तथा खेलकुद र सामाजिक सुरक्षा तथा संरक्षण उपक्षेत्र रहेका छन् । गाउँपालिकाबाट यस आ.व.मा सामाजिक विकास क्षेत्रमा रु. २३ करोड २ लाख ५४ हजार ५ सय ३० रुपैया विनियोजन भएकोमा पहिलो चोमासिकमा रु. ५ करोड ८ लाख २६ हजार ९ सय ३ रुपैया खर्च भएको छ । यो क्षेत्रगत कूल विनियोजनको २२.०७ प्रतिशत खर्च प्रगति हो ।

ग) पूर्वाधार विकासः

पूर्वाधार क्षेत्र अन्तर्गत यातायात पूर्वाधार, भवन, आवास तथा शहरी विकास, उर्जा, सम्पदा पूर्वाधार र पुनर्निर्माण उपक्षेत्र रहेका छन् । गाउँपालिकाबाट यस आ.व.मा पूर्वाधार विकास क्षेत्रमा रु. ८ करोड ८४ लाख ३० हजार रुपैया विनियोजन भएकोमा पहिलो चोमासिकमा रु. १ करोड ५ लाख ५१ हजार ३ सय ७० रुपैया खर्च भएको छ । यो क्षेत्रगत कूल विनियोजनको ११.९३ प्रतिशत खर्च प्रगति हो ।

घ) विपद व्यवस्थापनः

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत वातावरण तथा जलवायु, विपद् व्यवस्थापन, मानव संशासन विकास, श्रम तथा रोजगारी, प्रशासकीय सुशासन र वित्तीय सुशासन उपक्षेत्र रहेका छन् । गाउँपालिकाबाट यस आ.व.मा विपद व्यवस्थापन क्षेत्रमा रु. १ करोड ८८ लाख १० हजार रुपैया विनियोजन भएकोमा पहिलो चोमासिकमा रु. ८ लाख ११ हजार ७७ रुपैया खर्च भएको छ । यो क्षेत्रगत कूल विनियोजनको ४.३ प्रतिशत खर्च प्रगति हो ।

ङ) कार्यालय सञ्चालन तथा प्रशासनिकः

गाउँपालिकाबाट यस आ.व.मा कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ रु. १० करोड ८ लाख ५२ हजार ५ सय रुपैया विनियोजन भएकोमा पहिलो चोमासिकमा रु. १ करोड ८० लाख ५५ हजार ४ सय ३० रुपैया खर्च भएको छ । यो क्षेत्रगत कूल विनियोजनको १७.८९ प्रतिशत खर्च प्रगति हो ।

गाउँपालिकाको पहिलो चौमासिकमा सबै क्षेत्रको कूल विनियोजन बजेट रु. ४६ करोड ६ लाख ८७ हजार ३० को १७.६३ प्रतिशत अर्थात रु. ८ करोड १२ लाख ५६ हजार ९ सय ४४ खर्च भएको छ ।

## परिच्छेद-७
## गाउँपालिका तथा वडागत बजेट र खर्चको अवस्थाः

आर्थिक वर्षको पहिलो त्रैमासिकमा वडागत बजेट तथा खर्च प्रतिशत सम्बन्धी विवरण देहायबमोजिम रहेको जानकारी गराउन चाहन्छुः

क) वडा नं. १

आर्थिक वर्ष २०७९/०८० को लागि वडा नं. १ लाई चालू तर्फ रु. १० लाख र पूँजीगत तर्फ रु. ५५ लाख गरी जम्मा ६५ लाख विनियोजन गरिएको छ । यस आ.व.को पहिलो चौमासिकमा चालु तर्फ रु. ३ लाख ३२ हजार ४ सय १० र पूँजीगत तर्फ रु. १ लाख ३० हजार रुपैया गरी वडा नं. १ मा जम्मा रु. ४ लाख ६२ हजार ४ सय १० रुपैया अर्थात ७.११ प्रतिशत खर्च भएको छ

ख) वडा नं. २

आर्थिक वर्ष २०७९/०८० को लागि वडा नं. २ लाई चालू तर्फ रु. १० लाख र पूँजीगत तर्फ रु. ५५ लाख गरी जम्मा ६५ लाख विनियोजन गरिएको छ । यस आ.व.को पहिलो चौमासिकमा चालु तर्फ रु. २ लाख ५७ हजार ३ सय ३० र पूँजीगत



नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

तर्फ रु. १ लाख १८ हजार १ सय ४० रुपैया गरी वडा नं. २ मा जम्मा रु. ३ लाख ७५ हजार ४ सय ७० रुपैया अर्थात ५.७८ प्रतिशत खर्च भएको छ ।

**ग) वडा नं. ३**

आर्थिक वर्ष २०७९/०८० को लागि वडा नं. ३ लाई चालू तर्फ रु. १० लाख र पूँजीगत तर्फ रु. ५५ लाख गरी जम्मा ६५ लाख विनियोजन गरिएको छ.। यस आ.व.को पहिलो चौमासिकमा चालु तर्फ रु. २ लाख ५८ हजार २ सय ५० र पूँजीगत तर्फ रु. ३ लाख ६० हजार १ सय रुपैया गरी वडा नं. ३ मा जम्मा रु. ६ लाख ५८ हजार ३ सय ५० रुपैया अर्थात १०.१३ प्रतिशत खर्च भएको छ ।

**घ) वडा नं. ४**

आर्थिक वर्ष २०७९/०८० को लागि वडा नं. ४ लाई चालू तर्फ रु. १० लाख र पूँजीगत तर्फ रु. ५५ लाख गरी जम्मा ६५ लाख विनियोजन गरिएको छ । यस आ.व.को पहिलो चौमासिकमा चालु तर्फ रु. ३ लाख ९८ हजार ७ सय ९० र पूँजीगत तर्फ रु. ६ लाख ६७ हजार ७७ रुपैया गरी वडा नं. ४ मा जम्मा रु. १० लाख ६५ हजार ८ सय ६७ रुपैया अर्थात १६.३९ प्रतिशत खर्च भएको छ ।

**ङ) वडा नं. ५**

आर्थिक वर्ष २०७९/०८० को लागि वडा नं. ५ लाई चालू तर्फ रु. १० लाख र पूँजीगत तर्फ रु. ५५ लाख गरी जम्मा ६५ लाख विनियोजन गरिएको छ । यस आ.व.को पहिलो चौमासिकमा चालु तर्फ रु. १ लाख ३४ हजार ३ सय ९२ रुपैया मात्र गरी वडा नं. ५ मा जम्मा रु. १ लाख ३४ हजार ३ सय ९२ रुपैया अर्थात २.०६ प्रतिशत खर्च भएको छ ।

**च) नेचासल्यान गाउँकार्यपालिकाको कार्यालयः**

